
HUMAN RIGHTS AND JUSTICE CENTRE

**फोटो शीर्षक:** *अब अगाडि के छ?*



**फोटो खिचिएको स्थान:** धनगढी, कैलाली जिल्ला

**मिति:** वैशाख २७, २०७९

**फोटोग्राफर:** सलिना काफ्ले, कार्यकारी निर्देशक, ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर(HRJC)

**विवरण:**

यो शान्त क्षणमा, एक द्वन्द्वकालीन यौनजन्य हिंसाकी पीडित जसले ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर को कानुनी सहायता पाएकी छन् – आफ्नो मुद्दासम्बन्धी पछिल्लो जानकारी सुनेपछि झ्यालबाट बाहिर हेर्दैछिन् । तस्वीर स्थिर छ, तर उनको नजरले कुनै नपुगेको ठाउँतर्फको गति बोकेको छ।

बाहिर हेर्ने यो कार्यले आफैँमा गहिरो अर्थ बोकेको छ। धेरै पीडितहरूका लागि लामो समयदेखिको मौनता, अविश्वास र ढिलो प्रतिक्रिया दिने न्याय प्रणालीले भविष्यलाई आकार दिँदै आएको छ। झ्यालपारि देखिएको संसार केवल बाहिरी वातावरण होइन – त्यो त्यो संसार हो जसलाई उनीहरूले अझै पनि आफ्नै सर्तमा आफ्नो सत्यसँग, अधिकारको मान्यता र गरिमाको सुनिश्चिततासँग पहुँच गर्न खोजिरहेका छन् ।

***“अब अगाडि के छ?”*** केवल एउटा चित्र होइन, यो प्रतीक्षा र दृढताको प्रतिबिम्ब हो, कुर्ने र हेरिरहने संघर्षको प्रतिबिम्ब हो, पीडा सहँदै, अझै पनि सम्बोधनको खोजीमा रहनुको प्रतिबिम्ब हो । यसले त्यो बीचको अवस्था समेट्छ – जहाँ धेरै पीडितहरू बाँच्छन् – भोगिएको पीडा र सम्भावित न्यायबीचको अन्तरालमा।

**कला शीर्षक:** यस रुखलाई याद छ



**द्वारा:** सुदूरपश्चिम प्रदेशका द्वन्द्वकालीन यौनजन्य हिंसाका १९ जना पीडितहरू

**स्थान:**होटल रुबस, बैयाबेहनी, धनगढी–२

**मिति:** साउन ७, २०८०

**सहजीकरण:** सलिना काफ्ले, कार्यकारी निर्देशक, ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर (HRJC) र ओजस्वी के.सी., मानव अधिकार अधिकृत, ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर(HRJC)

**कार्यक्रम:** ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर (HRJC) द्वारा सञ्चालित "महिलाहरूका लागि कानुनी शिक्षा कार्यक्रम

**विवरण:**

यो सहभागितामूलक कला सुदूरपश्चिम प्रदेशका द्वन्द्वकालीन यौनजन्य हिंसाका पीडितहरुहरूसँग गरिएको कानुनी शिक्षा सत्रको क्रममा सिर्जना गरिएको हो। सत्रको एक गतिविधिको रूपमा सहभागीहरूले "रुख अभ्यास" मा भाग लिनुभयो, जसमा प्रत्येकले एउटा पात रंगाएर त्यसमा आफ्नो नाम लेख्नुभयो । त्यो पात उहाँहरूको भावना, अनुभव, वा न्याय र निको हुने आशासँग सम्बन्धित थियो। ती सबै पातहरू मिलाएर चार्ट पेपरमा कोरिएको रुखमा जोडिएका हुन् ।

***"यस रुखलाई याद छ"*** भनेको जीवित अनुभव, स्मृति, र सहनशीलताको साक्षी हो। प्रत्येक पातले एक पीडितको उपस्थिति, आवाज र देखिने-सुनिने माग बोकेको छ। यी पातहरू मिलेर बनेको रुखले स्मरणका यी प्रयासहरूलाई नेपालको संक्रमणकालीन न्याय प्रक्रियाभित्र मान्यता र न्यायको सामूहिक मागको रूपमा अङ्कित गर्छ।यो रुख द्वन्द्व पीडित प्रति एउटा सम्मान अर्पण पनि हो र एक मौन प्रतिरोध पनि । योरुख सब सम्झिन्छ, जुन धेरै प्रणालीहरूले बिर्सिएका छन् ।

HUMAN RIGHTS
AND JUSTICE CENTRE

**फोटोको शीर्षक:** पूरा हुन नसकेका आशाहरु



**फोटो खिचिएको स्थान:** होटल रुबस, बैयाबेहनी, धनगढी–२

**मिति:** फागुन १८, २०८०

**फोटोग्राफर:** ओजस्वी के.सी., मानव अधिकार अधिकृत, ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर (HRJC)

**कार्यक्रम:** ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर (HRJC) द्वारा सञ्चालित द्वन्द्व पीडित महिलाहरूको कानुनी सशक्तिकरण कार्यक्रम

**विवरण:**

यो फोटो द्वन्द्वकालीन यौनजन्य हिंसाका पीडितहरुकालागि सुदूरपश्चिम प्रदेशमा आयोजना गरिएको द्वन्द्व पीडित महिलाहरूको कानुनी सशक्तिकरण कार्यक्रमको क्रममा खिचिएको हो।

चुरा लगाइएको एउटा हात निलो आकाशतर्फ तानिएको छ । त्यो आकाश खुल्ला र अपार देखिन्छ, तर पीडितहरूका सत्यहरू अझै पनि मौनता, कलंक र बेवास्ताका पर्खालहरूभित्र लुकेका छन् ।

धेरै पीडितहरूका लागि न्यायको यात्रा लामो र एक्लो भएको छ। वर्षौं मौनतामा बितेका छन् – कलंक, अविश्वास र राज्यको निष्क्रियताले थिचिएका छन्। फोटोमा देखिएको आकाश खुला देखिए पनि, त्यो न्यायको आशाजस्तै टाढा छ। त्यो एक्लो हातले पीडतहरूको यात्रा कति एक्लो रहेको छ भन्ने दर्शाउँछ। धेरैका लागि अझै पनि आफ्नो पहिचान दाबी गर्नु र न्यायसम्म पुग्नु मौनता, कलंक र प्रणालीगत बाधाहरूले अवरुद्ध छ।
***"पूरा हुन नसकेका आशाहरु"*** ले दर्शकहरूलाई जारी रहेको संघर्षबारे सोच्न आमन्त्रण गर्दछ। यसले लामो प्रतीक्षालाई, स-साना प्रयासहरूमा भेटिएको सहनशीलतालाई रपीडितहरूलाई अदृश्य पीडित नभई सत्य र जवाफदेहिताको माग गर्ने व्यक्तिको रूपमा सुन्न र चिन्नु पर्ने कुराहरुलाई जोड दिन आग्रह गर्छ।यो तस्वीरले सहन गरिएको पीडालाई मात्र होइन, अझै जित्न बाँकी रहेको न्यायलाई पनि स्थान दिएको छ – न्याय, जुन ढिलो नहोस्।

HUMAN RIGHTS
AND JUSTICE CENTRE

**चित्रको शीर्षकः** हामीले नरोजेका रङ्गहरु



**द्वाराः** मधेश प्रदेशका द्वन्द्वकालीन यौनजन्य हिंसाका २० जना पीडितहरू

**स्थानः** न्यू थारु फुडल्याड, सप्तरी ।

**मितिः** पुष १०, २०८१

**सहजीकरणमा:** ओजस्वी के.सी., वरिष्ठ मानव अधिकार अधिकृत, ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर(HRJC) र सिर्जना श्रेष्ठ, अध्यक्ष, द्वन्द्व पीडित महिला राष्ट्रिय सञ्जाल ।

**कार्यक्रम:** ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर (HRJC) द्वारा सञ्चालित द्वन्द्व पीडित महिलाहरूको कानुनी सशक्तिकरण कार्यक्रम।

**विवरण:**

यो कोलाज एक साधारण निम्तोबाट सुरु भएको थियो। कानुनी सशक्तिकरण सत्रको एक प्रारम्भिक क्रियाकलापमा, द्वन्द्वकालीन यौनजन्य हिंसाका पीडितहरूलाई आफ्ना मनपर्ने वस्तुहरू र मनपर्ने रङ प्रयोग गरेर चित्रण गर्न भनिएको थियो । तर खुसीका चित्रहरू बनाउनु सट्टा, धेरै जनाले आफूमाथि भएको आक्रमणका स्थानहरू चित्रित गर्नुभयो जस्तै घर, जंगल, नजरबन्द केन्द्र ।

केही पीडितहरूले निलो र हरियो रङ प्रयोग गर्नुभयो, जुन रङ्गले सुरक्षाकर्मीले लगाउने पोशाकलाई जनाउँछ । केहीले आफ्नो मनपर्ने रङहरूमा सुन्तला र गुलाबी रङ रोज्नुभयो – जसले सम्झना र क्षति, आघात र आत्म-अभिव्यक्तिको मिश्रणलाई दर्शाउँछ। यो कलाले त्यस मानसिक दुविधालाई समेट्छ – जहाँ व्यक्तिगत स्मृति सशस्त्र द्वन्द्वसँग ठोक्किन्छ, जहाँ खुसीको निम्तोले अझै सताउने घाउहरू उजागर गर्छ।

***"हामीले नरोजेका रङ्गहरु"*** दर्शकहरूलाई रङभित्र रहेको स्मृतिको गहिराइ हेर्न आमन्त्रण गर्छ, र पीडितहरूले हिंसाका घटनास्थलहरूलाई कसरी कलामार्फत बयानमा रूपान्तरण गर्छन् भन्ने कुरामा सोच्न प्रेरित गर्छ । यी चित्रहरू केवल चित्र होइनन्, यी सत्य बोल्ने शान्त प्रयासहरू हुन्। यी सबै मिलेर पीडतहरूले बोकिरहेकोः पीडा, सहनशीलता र राज्यबाट देखिन, सुनिन र स्वीकारिन गरिरहेको संघर्षको यात्राको नक्सा बनाउँछन् ।

HUMAN RIGHTS
AND JUSTICE CENTRE

**TITLE OF THE PHOTO PIECE:** *What Lies Beyond*




**PHOTO TAKEN AT:** Dhangadhi, Kailali District
**DATE:** 10 May 2022
**PHOTOGRAPHY BY:** Salina Kafle, Executive Director, HRJC

**DESCRIPTION:**

In this quiet moment, a survivor of conflict-related sexual violence, supported through HRJC's legal assistance program, looks out the window after hearing the latest update on her case. The frame is still, but her gaze holds movement toward something not yet reached.

The act of looking outward carries weight. For many survivors, the future has long been shaped by silence, disbelief, and a justice system slow to respond. What lies beyond the window is not just the outside world, but a world they are still trying to access on their own terms with their truths intact, their rights recognized, and their dignity affirmed.

***What Lies Beyond*** is not just a portrait. It is a reflection of pause and persistence. Of waiting and watching. Of surviving and still searching for acknowledgment. It captures the in-between space so many survivors live in between what has been endured and what justice could be, if truly delivered.

HUMAN RIGHTS AND JUSTICE CENTRE

**TITLE OF THE ART PIECE:** *This Tree Remembers*



**BY:** 19 Survivors of Conflict-Related Sexual Violence (CRSV) from Sudurpaschim Province

**LOCATION CREATED:** Hotel Rubus, Baiyabehani, Dhangadhi-2

**DATE**: 23 July 2023

**FACILITATED BY:** Salina Kafle, Executive Director, Human Rights and Justice Centre (HRJC)

and Ojaswi K.C, Human Rights Officer, HRJC

**ORGANIZED AS PART OF:** Legal Education for Women Program by HRJC

**DESCRIPTION:**

This participatory artwork was created during a legal education session with survivors of conflict-related sexual violence (CRSV) from Sudurpaschim Province, Nepal. As part of the session, participants engaged in a symbolic "tree exercise," where each person colored a leaf and wrote their name on it as a reflection of their emotions, experiences, or hopes related to justice and healing. These individual leaves were then collectively placed on a tree drawn on chart paper.

***This Tree Remembers*** is a visual testimony of survival, memory, and resilience. Each leaf carries the presence of a survivor, their voice, their demand to be seen and heard. Together, the tree holds these acts of remembering as part of a larger call for recognition and justice within Nepal's transitional justice process. It stands as both a tribute and a quiet act of resistance: this tree remembers what many systems forget.

HUMAN RIGHTS AND JUSTICE CENTRE

**TITLE OF THE PHOTO PIECE:** *The Hopes Beyond Reach*



**PHOTO TAKEN AT:** Hotel Rubus, Baiyabehani, Dhangadhi-2

**DATE:** 1 March 2024

**PHOTOGRAPHY BY:** Ojaswi K.C, Human Rights Officer, HRJC

**DESCRIPTION:**

This photograph was taken during a Legal Empowerment session for Women Victims of Conflict, with survivors of conflict-related sexual violence (CRSV) from Sudurpaschim Province, Nepal.

A single hand, adorned with familiar bangles, reaches toward the vast blue sky. The sky seems open and endless, yet the survivors' truths remain hidden beneath barriers of silence, stigma, and neglect.

For many survivors, the journey to justice has been long and isolating. Years have passed in silence, burdened by stigma, disbelief, and state inaction. The sky in this image feels open but distant, much like the promise of justice itself. The solitary hand reflects how alone that journey has often been. For many, claiming their identity and accessing justice remains blocked by years of silence, stigma, and systemic barriers.

***The Hopes Beyond Reach*** invites the observer to reflect this ongoing struggle. It clearly calls attention to the long wait, the resilience found in small acts, and the survivors' right to be acknowledged and heard not as invisible victims, but as people demanding truth and accountability. This image holds space for what has been endured and what remains to be won: justice that is not delayed.

HUMAN RIGHTS
AND JUSTICE CENTRE

**TITLE OF THE ART PIECE:** *Colors We Didn't Choose*



**BY:** 20 Survivors of Conflict-Related Sexual Violence (CRSV) from Madesh Province

**LOCATION CREATED:** New Tharu Foodland, Saptari

**DATE:** 25 December 2024

**FACILITATED BY:** Ojaswi K.C, Senior Human Rights Officer, Human Rights and Justice Centre HRJC) and Shrijana Shrestha, Chairperson of Conflict Victim Women National Network

**ORGANIZED AS PART OF:** Legal Empowerment for Women Victims of Conflict by HRJC

**DESCRIPTION:**

This collage began with a simple invitation. During an introductory activity in a legal education session, survivors of conflict-related sexual violence were asked to draw their favourite things using their favourite colours. But instead of everyday joys, many chose to draw the places where their assaults occurred: a home, a forest, a detention center.

Blue and green were used by several participants. It represents the color of the army uniforms worn by the perpetrators. Some used orange or pink, their personal favorite colors, blending memory with loss, trauma with self-expression. This installation captures that tension: the space where personal memory collides with internal armed conflict, where an invitation to joy brings forward what still haunts.

***Colors We Didn't Choose*** invites viewers to witness the depth of memory held in color, and to reflect on what it means for survivors to transform sites of violence into testimony through art. These drawings are more than images. They are quiet acts of truth-telling. Together, they form a map of what survivors carry: the pain, the resilience, and the ongoing struggle to be seen, heard, and acknowledged by the State.